**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ जनवरी २०२६

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले , बिगत धेरै सताब्दिहरुमा सोमनाथ मंदिरमा हमलाहरु भएता पनि मंदिर, भारतीय सभ्यताको आत्माको जीवंत उदाहरणको रुपमा स्थिर भएर उभिएको बताउनुभएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीलाई जन्मदिनमा बधाई एवं शुभकामना दिँदै उहाको सुस्वास्थ्य अनि दीर्घायुको कामना गर्नुभएको छ।

- पश्चिम बंगालका भाजपा नेता सुवेंदु अधिकारीले मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारलाई पत्र लेखेर मुख्यमंत्री ममता बनर्जीको विशेष गहन पुनरीक्षण-**एसआईआर** लाई रोक्ने अनुरोध सित सम्बन्धित झूठो दावीहरुलाई रद्द गरिदिनुभएको छ।

- नेपाल निर्वाचन आयोगले प्रतिनिधि सभाको चुनाव गराउनको लागि सबै जिल्लाहरुमा मुख्य रिटर्निंग अधिकारिहरु अनि रिटर्निंग अधिकारिहरुको नियुक्ति गरेको छ।
- सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्वधानमा अनि युवा मामिला एवं खेलकुद विभाग जीटीएको सहयोगमा आजदेखि19औँ संस्करणको सुकुना गोल्ड कप फुटबल टोर्नामेन्ट शुरू भएको छ।

प्रधानमंत्री सोमनाथ

प्रधानमंत्री नरेन्द्र मोदीले , बिगत धेरै सताब्दिहरुमा सोमनाथ मंदिरमा हमलाहरु भएता पनि मंदिर, भारतीय सभ्यताको आत्माको जीवंत उदाहरणको रुपमा स्थिर भएर उभिएको बताउनुभएको छ। श्री मोदीले भन्नुभयो यो वर्ष यसैले महत्वपूर्ण छ किनभने आज भन्दा एक हजार वर्ष पूर्व विदेशी आक्रांताहरु द्वारा सोमनाथ मंदिरमा पहिलो पल्ट हमला गरेको थियो। प्रधानमंत्रीले सोमनाथ शब्द सुन्दानै देशवासिहरुको मनमा अद्भुत साहस अनि गर्वको अनुभूति हुने गरेको बताउनुभयो। देशको शाश्वत परंपराको प्रतीक सोमनाथ मंदिर गुजरात राज्यको पश्चिमी तटीय इलाका प्रभास पाटनमा स्थित रहेको अझ बताउनुभयो।

प्रधानमंत्रीले भन्नुभयो - सोमनाथ मंदिरको कहानी एउटा कथा मात्र नरहेर भारत माताको अनगिनत संतानहरुको अटूट साहसको प्रतीक हो जसले देशको सभ्यता अनि संस्कृतिको रक्षा गरेका छन्। प्रधानमंत्रीले स्मरण गराउनुभयो कि वर्ष 1026 जनवरीमा सभ्यता अनि विश्वासको दृढ़ प्रतीक, सोमनाथ मंदिरमा महमूद गजनीले पहिलो पल्ट बर्बर आक्रमण गरेका थिए। हजारौ वर्ष पछि आज पनि यो मंदिर शानको साथमा स्थिर छ किनभने यसको सुरक्षा अनि प्रतिष्ठामा अनगिनत प्रयास गरिएको श्री मोदीले बताउनुभयो। सोमनाथ मंदिरको जीर्णोद्धारमा योगदान दिनेहरुको प्रयासहरुको सराहना गर्दै प्रधानमंत्रीले भन्नुभयो -वर्ष 2026 मा अझ एउटा महत्वपूर्ण उपलब्धि प्राप्त गरेको छ जब जीर्णोद्धार पछि मंदिर भक्तहरुका लागि खोलिएको 75 वर्ष पूरे हुनेछ। मई 1951 मा तत्कालीन राष्ट्रपति डॉ. राजेंद्र प्रसादको उपस्थितिमा जीर्णोद्धार गरिएको सोमनाथ मंदिर, एक पल्ट फेरी खोलिएको उहाले बताउनुभयो। उहाले अझ भन्नुभयो स्वतंत्रता प्राप्ति पछि सोमनाथको पुनर्निर्माणको दायित्व, सरदार वल्लभभाई पटेललाई सुम्पिएको थियो। उहाले स्मरण गराउनुभयो कि वर्ष 1947 मा दीपावलीको अवधि पटेलको सोमनाथ मंदिरको यात्राले उहालाई अत्यंत प्रभावित गरेको थियो जसको कारण उहाले त्यसै स्थानमा मंदिरको पुनर्निर्माण गर्ने निर्णय लिनुभयो। प्रधानमन्त्रीले भन्नुभयो - अतीतको आक्रमणकारी अब हावामा उडेको धुलो समान छ , जसलाई केवल विनाशको लागि स्मरण गरिने भएको तर सोमनाथ आशाको गीत रहेको उहाले बताउनुभयो जसले मानिसहरुलाई सिकाउदछ कि घृणा अनि कट्टरताले क्षण भरको लागि विनाश गर्न सक्छ तर राम्रो कार्यले विश्वास अनि दृढ़ विश्वास शाश्वत सृजन गर्न सक्छ। विश्वले भारतलाई आशा अनि सकारात्मकताको दृष्टिले हेरिरहेको उहाले अझ बताउनुभयो।

**मुख्यमन्त्री ममता ब्यानर्जी- जन्मदिन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीलाई जन्मदिनमा बधाई एवं शुभकामना दिँदै उहाको सुस्वास्थ्य अनि दीर्घायुको कामना गर्नुभएको छ। प्रधानमन्त्रीले सामाजिक सञ्जाल प्लेटफार्म एक्समा - पश्चिम बंगालकी मुख्यमन्त्री ममता दिदीलाई जन्मदिनको शुभकामना। म उनको सुस्वास्थ्य र दीर्घायुको लागि प्रार्थना गर्छु।"भनि लेख्नुभएको छ। उल्लेख्य छ, ममता ब्यानर्जीको जन्म 1955 मा आजकै दिन भएको थियो। उहाले राज्यको पहिलो महिला मुख्यमन्त्री हुने गौरव राख्छिन्। उहाले 20 मई 2011 देखि यो पद सम्हालेकी छिन्। उहाँले अखिल भारतीय तृणमूल कांग्रेसका संस्थापक अनि अध्यक्ष पनि हुनुहुन्छ। मुख्यमन्त्री बन्नुअघि, ब्यानर्जी सात पटक लोकसभा सदस्य थिइन् र रेलवे, कोइला, खानी र मानव संसाधन विकास जस्ता क्याबिनेट पोर्टफोलियोहरू सम्भालिसक्नु भएकी छिन्।

**पश्चिम बंगाल भाजपा - सीईसी**

पश्चिम बंगालका भाजपा नेता सुवेंदु अधिकारीले मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारलाई पत्र लेखेर मुख्यमंत्री ममता बनर्जीको विशेष गहन पुनरीक्षण-**एसआईआर** लाई रोक्ने अनुरोध सित सम्बन्धित झूठो दावीहरुलाई रद्द गरिदिनुभएको छ। आफ्नो पत्रमा उहाले भन्नुभएको छ कि एसआईआर अभियानले तृणमूल कांग्रेसको फर्जी मतदाताहरु , दिवंगत मतदाताहरु अनि अवैध घुसपैठिहरु बारे उजागर गरिरहेको छ। श्री अधिकारीले भन्नुभयो - तृणमूल कांग्रेसले कथित रुपमा वर्षौं देखि चुनावमा धांधली गरेको छ। उहाले अझ भन्नुभयो- यो स्पष्ट छ कि ममता बनर्जी डराई रहेका छन् किनभने एसआईआर अभ्यासको कारण यस बर्षको चुनाव जीतने उनको सपना पूरा हुनेछैन। भाजपा नेताले ममता बनर्जीका आरोपहरुलाई लोकतांत्रिक प्रक्रियालाई बाधित गर्ने एक विफल प्रयास बताउनुभएको छ।श्री अधिकारीले ममता बनर्जी सरकारको प्रशासन माथि यस प्रक्रियालाई बाधित गर्ने प्रयास गरेको पनि आरोप लगाउनु भयो। व्यापक राष्ट्रव्यापी परामर्श पछिनै एसआईआर लागू गरिएको किया भाजपा नेताले अझ बताउनुभयो। यसमा पश्चिम बंगालमा मात्र 50 हजार भन्दा अधिक बूथ स्तरीय अधिकारिहरु अनि मतदाता पंजीकरण अधिकारिहरुलाई व्यापक प्रशिक्षण मॉड्यूल वितरित गरिएको छ।

**सिलगडी (डीआई) कार्यालय- धर्ना**

सरकारी स्कूलहरुमा अतिरिक्त फीस असुलेको आरोपलाई लिएर शिक्षा विभागको डिपार्टमेंट ऑफ स्कूल एजुकेशन सिलगडी (डीआई) कार्यालय परिसरमा हंगामा भएको छ। स्टूडेंट फेडरेशन ऑफ इंडिया (एसएफआई) को आह्वानमा आज संगठनका कार्यकर्ता अनि समर्थकहरु डीआई कार्यालय घेराव अभियानमा सामेल भए। एसएफआई को आरोप छ कि राज्य सरकार द्वारा सरकारी स्कूलहरुको निर्धारित फीस 240 रुपियाँ रहेको छ भने धैरै बिद्यालयहरुमा अवैध रूपले 400 रुपियाँ , 500 रुपियाँ अनि केहि बिद्यालयहरुमा 600 रुपियाँ सम्म उठाईने गरिएको छ। यो अतिरिक्त राशि किन उठाइन्दै छ ,कसको निर्देशमा उठाइन्दै छ अनि यो पैसा कहाँ गैरहेको छ ? यी प्रश्नहरुको जवाबको मांग गर्दै एसएफआई ले डीआई कार्यालय अघि प्रदर्शन गरे। प्रदर्शनको अवधि एसएफआई कार्यकर्ताहरुले नारेबाजी गर्दै शिक्षा विभाग बिरुद्ध विरोध ब्येक्त गरे। यसै संदर्भमा एसएफआई दार्जिलिंग जिला सचिव अंकित दे ले राज्य भरिमै जबरजस्ती वसूलीको राज चलिरहेको बताएका छन्।

**एम.पी गोरूबथान**

कालेबुङ जिल्लाको गोरूबथान खण्डामा आज भजपाले कार्यकर्ताका लगि आगमी विधानसभा चुनावलाई केन्द्र गरी एउटा कार्यशालाको आयोजना गरयो। दार्जीलिङ जिल्ला भाजपा अध्यक्ष संजीब लामा तथा सांसद राजु विष्टको विशेष उपस्थिति रहेको थियो।

**नेपाल-चुनाव आयोग**

नेपाल निर्वाचन आयोगले प्रतिनिधि सभाको चुनाव गराउनको लागि सबै जिल्लाहरुमा मुख्य रिटर्निंग अधिकारिहरु अनि रिटर्निंग अधिकारिहरुको नियुक्ति गरेको छ। प्रतिनिधि सभाको चुनाव यसै बर्ष 5 मार्चमा हुनु तय छ।चुनाव आयोगले 77 जिला न्यायाधीशहरुलाई मुख्य रिटर्निंग अधिकारी नियुक्त गरेको छ। आयोगको बैठकमा न्यायिक सेवा आयोगको सिफारिश अनुसार 9 जनवरी देखि जिला न्यायाधीशहरुलाई मुख्य रिटर्निंग अधिकारी अनि न्यायिक सेवाको द्वितीय श्रेणीका अधिकारिहरुलाई रिटर्निंग

अधिकारी नियुक्त गर्ने निर्णय लिएको छ। मुख्य रिटर्निंग अधिकारिहरु अनि रिटर्निंग अधिकारिहरुलाई आगामी 16 जनवरी देखि आफ्नो-आफ्नो निर्वाचन क्षेत्रहरुमा तैनात हुन भनिएको छ। चुनाव आयोगले 5 मार्चमा हुने चुनावहरुको लागि सबै जिल्लाहरुमा मुख्य रिटर्निंग अधिकारि अनि रिटर्निंग अधिकारिहरुको कार्यालय बनाउने निर्देश पनि दिएको छ।

**आईजीजेएफ**

पश्चिम बंगाल सूचना आयोगले आफूहरूको दोस्रो अपिललाई पनि खारिज गरेको हुनाले अब उच्च न्यायलय जाने निर्णय लिएको आईजीजेएफका केन्द्रीय सदस्य फिन्जो वाङगेल गुरूङले जानकारी गराउनु भएको छ। उहाँले गत केही महिना अघि जीटीए चीफ अनित थापाको दोहोरो नागरिकताको विषयमाथि जाँच भएको र जाँच रिपोर्टमा के छ भन्ने विषयलाई लिएर 2023 मा पश्चिम बंगाल सूचना आयोग समक्ष अर्जी चढाएको अनि अर्जीलाई रद्द गरी दिए तापनि दोस्रो अर्जीमाथि कोलकता स्थित पश्चिम बंगाल सूचना आयोग समक्ष सुनवाई भएको तर दोस्रो अर्जी पनि सुनवाईको क्रममा आयोगले ब्यक्ति विशेष रहेको बताउँदै खारेज गरी दिएको बताउनु भयो। उहाँले अब आईजीजेएफ पश्चिम बंगाल सूचना आयोगको निर्णयको विरोधमा उच्च न्यायलय जाने अनि एक सप्ताहभित्रमा याचिका दर्ता गर्ने बताउनु भएको छ।

**फेदीखोला- फेन्चेटार**

तीन महिनासम्म चलेको लामो राजनैतिक विवाद र अवरोधपछि अन्ततः फेदीखोला गाउँ जाने मुख्य सडक दुई दिनअघि पुनः सञ्चालनमा आएको छ। सडक खोलिए पछि स्थानीय बासिन्दाले राहतको सास लिएका छन्।

गत ४ अक्टोबर २०२५ को दिन आएको भल–बाढीको कारण फेदीखोलालाई फेन्चेटार अनि बासबोटेसँग जोड्ने दुवैतिरको सडक पूर्ण रूपमा ध्वस्त भएको थियो। सडक अवरुद्ध हुँदा दैनिक आवत–जावत, विद्यार्थीहरु, आपतकालीन सेवा तथा स्थानीय जनजीवन गम्भीर रूपमा प्रभावित बनेको थियो।

**आशा कर्मी- ज्ञापन**

पश्चिम बङ्गाल आशा कर्मी युनियनको आह्वानमा कालेबुङका सबै खण्डका आशा कर्मीहरुद्वारा आफ्नो विभिन्न माग लिएर जिल्लापाल समक्ष ज्ञापन बुझाइएको छ। मेला ग्राउन्डबाट आरम्भ गरिएको यस रयाली जिल्लपाल कार्यालय पुगेर समापन गरिएको थियो। विशेष गरी आफ्नो माग लिएर २३ डिसेम्वर २०२५ देखि आशा कर्मीहरुले कार्य विराम (पेन डाउन) गरी दवाव सृजना गरिए तापनि १४ दिन बितिसक्दा पनि सरकार पक्षबाट कुनै सकारात्मक प्रतिक्रिया नआएकोले आज व्यापक उपस्थितिको साथ रयाली निकालेर ज्ञापन बुझाइएको थियो।

**जीएनडब्ल्युओ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा तराई समष्टि अन्तर्गत निरपानी शाखामा गोर्खा राष्ट्रिय नारी संगठन (जीएनडब्ल्युओ) गठन गरिएको छ। स्थानीय आदर्श विद्यालय प्राङ्गणमा हिज सितादेवी शर्माको सभाध्यक्षतामा सम्पन्न सभाबाट सर्वसम्मतिले नयाँ समिति चयन गरिएको हो। नवगठित कार्यसमितिमा नर्वदा शर्मालाई सभापति, मेनका शाहलाई उपसभापति, तारा दर्जीलाई सचिवको रूपमा चयन गरिएको छ। सभालाई सम्बोधन गर्नु हुँदै गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय कमिटीका सदस्य भुवानी प्रसाद दुलालले गोर्खा जातिको राजनीतिक उन्मुक्तिका लागि गोरामुमोले निरन्तर संघर्ष गर्दै आएको बताउनु भयो। उहाँले भारत सरकारले गोर्खा जातिको मुद्दालाई सकारात्मक रूपमा अघि बढाउन इन्टरलोकेटर नियुक्ति गरेको उल्लेख गर्नु हुँदै पार्टीले शाखा तहदेखि नारी संगठनको पुनरुत्थान अभियान तीव्र बनाएको बताउनु भयो।

**चलचित्र सुनमुनाको फर्स्ट लूक - सार्वजनिक**

कालेबुङका प्रसिद्ध नाट्य टोली भानु पालाको नेपाली चलचित्र सुनमुना टोलीद्वारा एक होटलमा पत्रकार सम्मेलनको आयोजना गर्दै कथानक चलचित्र सुनमुनाको विविध पक्ष सार्वजनिक गरिएको छ। निर्देशक विक्रम पराजुलीले यो चलचित्रको आगामी 11 जनवरीमा प्रीमियम सो कालेबुङको टाउन हलमा हुने बताएका छन्। यो चलचित्रमा स्थानिय विभिन्न विषयवस्तु समेटिएको बताउँदै उहाले यसमा प्रसस्त हास्य व्यक्त पनि रहेको बताए। सबै दर्शकहरूलाई यो चलचित्र हेरेर आफ्नो प्रक्रिया दिन

पनि उहाले आह्वान गर्नुभएको छ।

## मृगौला रोगी -आर्थिक सहयोग

मिरिक सिंगबुली चियाबारी दोस्रो गाँऊका मृगौला रोगी राजीव तामाङ्गलाई गोर्खा सहिद सेवा समिति पोख्रेबोङ रांङ्गभाङ्ग आञ्चालिक समितिद्वारा आर्थिक सहयोग प्रदान गरिएकोछ।गोर्खा सहिद सेवा समितिका सभापती सदिप राई,सचिव पवान खवास, आदिको प्रतिनिधि टोलीले सिंग्बुली दोस्रो गाँऊमा मृगौला रोगी राजीव तामाङ्गलाई आर्थिक सहयोग प्रदान गरे। समाजका सभापती अनि सदस्यहरुले राजीव तामाङ्गलाई बज्रपरिरहेको समयमा केही आर्थिक सहयग प्रदान गरेको गोर्खा सहिद सेवा समिती प्रति आभार व्याक्त गर्दै गाँऊको तर्फबाट अरूलाई पनि यसरी आर्थिक सहयोग निम्ति जहिले पनि अघि आउने गरेको बताएका छन्।

## सुकुना गोल्ड कप

सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्वधानमा अनि युवा मामिला एवं खेलकुद विभाग जीटीएको सहयोगमा आजदेखि19औँ संस्करणको सुकुना गोल्ड कप फुटबल टोर्नामेन्ट शुरू भएको छ। आज प्रथम दिनको उत्घाटन कार्यक्रममा जीटीए चियरम्यान अन्जुल चौहानको साथमा अन्य गन्यमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। उत्घाटन कार्यक्रममा ब्यान्ड डिस्प्लेपछि अतिथिहरू द्वारा रङ्गीबिरङ्गी बलुन उडाएर अनि पटेका पढ्काएर उत्घाटन गरिएपछि राष्ट्रिय गान गाएर म्याच शुरू गरियो।

पहिलो म्याच युनाइटेड एफसी दार्जिलिङ बनाम बिन्नगुडी फुटबल एकाडेमी माझ सम्पन्न भयो। म्याचको पहिलो हाफमा बिन्नगुडी एफएका सुरज केरकेट्टाले एक गोल गरे भने दोस्रो हाफमा युनाइटेड एफसी दार्जिलिङका रोशन राईले एक गोल गरेपछि निर्धारित समयसम्म म्याच 1-1को बराबरीमा सकियो। पछि पेनाल्टी सुटआउटमा बिन्नगुडी एफए विजयी बन्दै अघिल्लो यात्रा तय गरेको छ भने युनाइटेड एफसी दार्जिलिङको 19औँ सुकुना गोल्ड कपको यात्रा समाप्त भएको छ।

****** ० ******